मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश, विराटनगर, नेपाल

मुख्यमन्त्री

**मितिः- २०८१/०२/१६**
**११४४ बछलागाः षष्ठी, बुधबार**

## ७१ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवसको शुभकामना

**आदरणीय दाजुभाई तथा दिदीबहिनीहरु,**
**आज मे २९, विश्वको सर्वोच्च शिखर सगरमाथामा मानव पाइला टेकेको दिन अर्थात ७१ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस “Sagarmatha the highest peak of the world: identity and pride of Nepal” भन्ने नाराका साथ उत्साहपूर्वक रुपमा मनाउन गईरहेका छौं। यसै सन्दर्भमा अन्तर्राष्ट्रिय सगरमाथा दिवसको अवसरमा प्रदेश सरकारको तर्फबाट सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।**
**प्राकृतिक र जनसांख्यिक विविधताको अपूर्व संगमको रुपमा रहेको कोशी प्रदेश जनसंख्याको आधारमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको दोस्रो ठूलो प्रदेश हो । धरातलीय हिसाबले सर्वोच्च शिखर सगरमाथादेखि होचो स्थान समुद्री सतहभन्दा ७० मिटर उचाइमा रहेको झापाको केचनाकवलसम्म रहेको भौगोलिक विविधतायुक्त प्रदेश हो। संसारका दश अग्ला हिमशिखरहरुमध्ये सगरमाथा, कंचनजंघा, ल्होत्से, मकालु र चो यू गरी ८ हजार मिटरभन्दा अग्ला ५ वटा हिमालहरु यही प्रदेशमा छन् । त्यसमध्ये पनि कोशी प्रदेशको गौरवको रुपमा रहेको अन्तर्राष्ट्रिय जगतमा समेत चिर परिचित सगरमाथाको इतिहास निकै लामो छ । सन् १९५३ मे २९ तारिखका दिन विश्वको सर्वोच्च शिखर सगरमाथामा पहिलोपटक सफल आरोहण गरेका तेञ्जिङ नोर्गे शेर्पा र सर एडमन्ड हिलारीको स्मरणमा सन् २००८ देखि हरेक बर्ष मे २९ लाई अन्तर्राष्ट्रिय सगरमाथा दिवसको रुपमा मनाउँदै आएका छौं।**
**सगरमाथाको सफल आरोहणका सन्दर्भमा विश्वका अधिकांश कीर्तिमानी आरोहीहरु यसै प्रदेशका रहेका छन् । सगरमाथाको चुचुरो चुम्ने पहिलो नेपाली महिला आरोही स्वर्गीय पासाङ ल्हामु शेर्पा, सबैभन्दा धेरै अर्थात् ३० पटकसम्म आरोहण गर्ने कामी रिता शेर्पा, एकै सिजनमा ३ पटक आरोहण गर्ने महिला पूर्णिमा श्रेष्ठ, सबैभन्दा कम समयमा आरोहण गर्ने फुञ्जो लामा लगायत शिखर आरोहणमा महत्वपूर्ण र आश्चर्यजनक तथ्यांक एवं कीर्तिमानहरु कायम भएका छन् । विश्वका ८ हजार मिटर माथिका १४ वटा हिमालमध्ये प्रथम पटक आरोहणको इतिहास बोकेको कोशी प्रदेशको गौरबमय हिमाल सगरमाथालाई पर्वतीय पर्यटनको प्रमुख केन्द्र बनाई समग्र पर्यटन क्षेत्रलाई चलायामान वनाउन, वातावरणीय सन्तुलन र जैविक विविधताको संरक्षणमा टेवा पुऱ्याई समग्र पर्यटन क्षेत्रको दिगो विकास गरी प्राप्त लाभहरुको उपयोग गर्न, जलवायू परिवर्तन र वातावरणीय ह्रासका समस्याहरुलाई विश्वका सामु उजागर गरेर समाधानका उपाय पहिल्याउन यस बर्षदेखि कोशी प्रदेश सरकारले हरेक बर्ष मे २९ मा विविध कार्यक्रम गरी सगरमाथा दिवस मनाउने निर्णय गरी अघि बढेको छ ।**

फोन नं. +९७७-०२१-४७५१६६
ईमेलः- info.ocmcm@p1.gov.np

**आजको यो दिवसले पर्वतारोही, त्यहाँको भूगोल र बासिन्दा एवं प्रकृति र वातावरणबीचमा भावनात्मक एवम् अन्तरदेशीय सम्बन्ध बनाउनेछ। आरोही र शिखरबीचको भावनात्मक लगावलाई नवीकरण गर्दै कोशी प्रदेशमा पर्यटनको थप प्रसार एवम् बिकास गर्न तथा हिमाली क्षेत्र र त्यसको आधारभूमिको विकास र संरक्षणमा यस्ता असल अभ्यासले पक्कै पनि सहयोग गर्ने नै छ । जलवायू परिवर्तनको हालको सम्वेदनशील घडीमा विकास र वातावरणबीच सन्तुलन कायम राख्दै हिमालय क्षेत्रको मात्र नभएर मुलुकको समग्र विकासको नमुना तयार गर्ने प्रसङ्गमा साँच्चै नै यो ७१ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवसले योगदान गर्नेछ भन्ने मैले आशा लिएको छु ।**

**कोशी प्रदेशको गौरबको रुपमा रहेको सगरमाथा लगायतका हिमालहरुको सन्दर्भमा कोशी प्रदेश सरकारले नेपाल सरकारबाट ठूलो अपेक्षा राखेको छ। "पर्वतारोहण" संघको एकल अधिकारसूचीमा रहे तापनि सो क्षेत्रको विकास र प्रवर्द्धनबाट नेपाल सरकारलाई प्राप्त हुने लाभांश भूगोलको स्वामित्वको हिसावले कोशी प्रदेशकै हिमाली पर्यटन प्रवर्द्धनमा लगानी हुने अपेक्षा छ । यो दिवसले हिमाली क्षेत्रमा हुने फोहोरको व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्नेछ, भौगोलिक सम्पदाको संरक्षणका लागि समुदायमा जनचेतना जागृत हुनेछ र भौतिक विकाससंगै पर्यावरणको सम्मान र वातावरण संरक्षण सँगै देशको समृद्ध नेपाल सुखी नेपालीको रास्ट्रीय आकांक्षा पूरा हुनेछ भन्ने अपेक्षा लिएको छु। सगरमाथा आरोही तथा आरोहणमा सहयोग गर्नुहुने सहयोगीहरु, उद्वारकर्ता लगायत संलग्न सवै सरोकारवालाहरुमा हार्दिक धन्यवाद सहित कोशी प्रदेश सरकारको तर्फबाट अन्तर्राष्ट्रिय सगरमाथा दिवसको उपलक्ष्यमा पुनः शुभकामना ब्यक्त गर्दछु ।**

**धन्यवाद ।**

हिक्मतकुमार कार्की
मुख्यमन्त्री